# टीकापुर नगरपालिका

## नगर कार्यपालिका कार्यालयको

## आर्थिक वर्ष २०७५/७६ को

# दोस्रो सार्वजनिक सुनुवाईको प्रतिवेदन

**पेश गर्ने**

## सामुदायिक रेडियो टीकापुर एफएम १०१ मेगाहर्ज

२०७६ असार ३०

*यसभित्र...*

- सेवाग्राहीको बर्हिगमन अभिमत
- सार्वजनिक सुनुवाईमा उठेका सवालजवाफ
- कार्यक्रमका फोटोहरु
- समाचार कभरेज
- कार्यक्रमको प्रक्रिया तालिका

## टीकापुर नगरपालिकाको आ.व. २०७५/०७६ को

## दोस्रो सार्वजनिक सुनुवाइको बहिर्गमन अभिमतको नतिजा

टीकापुर नगरपालिकाको आर्थिक वर्ष २०७५/०७६ को विकास योजना र सेवा प्रवाहका बारेमा २०७६ असार ३० गते (आज) भइरहेको सार्वजनिक सुनुवाईका लागि संकलित बहिर्गमन अभिमतको संक्षिप्त विवरण यसप्रकार रहेको छ।

टीकापुर नगरपालिकाबाट सेवा लिएर फर्किएका ५० जना सेवाग्राहीको मत संकलन गरिएको थियो। जसमा १५ जना महिला र ३५ जना पुरुष थिए। उनीहरु शिक्षाको हिसावले १ जना निरक्षर, १० जना साक्षर, ८ जना दश कक्षा मुनि, ७ जना एसइइ/एसएलसी, १२ जना प्लस टु, ८ जना स्नातक र ४ जना सेवाग्राही स्नात्तकोत्तर थिए।

जातीय हिसावले हेर्दा २० जना क्षेत्री, १२ जना बाहुन, १० जना जनजाति, ८ जना दलित थिए। उमेरका हिसावले २० वर्ष मूनिका १ जना, २१ देखि ४० वर्षका २६ जना, ४१ देखि ६० वर्षका १६ जना र ६१ वर्ष माथिका ७ जना थिए।

पेशाको हिसावले १३ जना कृषक, ९ जना गृहिणी, ८ जना व्यापारी, ८ जना कर्मचारी, ४ जना समाजसेवी, ३ जना विद्यार्थी, अन्य (ज्येष्ठ नागरिक, डकर्मी, ज्योतिष, पलम्बर, राजनीतिकर्मी) ५ जना सेवाग्राही आएका थिए।

**<u>सेवाग्राहीहरु निम्नानुसारको सेवा लिन आएका थिए</u>**

क) योजनाको किस्ता लिन – २३

ख) कर बुझाउन –१७

ग) सूचना लिन –४

घ) आर्थिक सहयोग माग्न – १

ङ) सिफारिस लिन/ पुऱ्याउन –१

च) दर्ता/नविकरण –१

छ) अन्य –३

नगरपालिका **कार्यालयले प्रदान गर्ने सेवाप्रति नागरिकको सन्तुष्टि**

| क्र.स. | प्रश्न | सूचक १ | सूचक २ | सूचक ३ |
|---|---|---|---|---|
| १ | तपाईलाई सेवा लिन कोसंग सम्पर्क गर्ने भन्नेमा शुरुमै कर्मचारीले स्पष्ट जानकारी दिए कि दिएनन ? | अति स्पष्ट–४३ | ठीकै–३ | अस्पष्ट– ४ |
| २ | तपाईको आवश्यकता र अपेक्षा सेवा दिने कर्मचारीले कत्तिको बुझे जस्तो लाग्यो ? | अति धेरै–४३ | ठीकै–६ | थोरै–१ |
| ३ | सेवा दिने कर्मचारीले तपाईलाई कस्तो व्यवहार गरे ? | मिलनसारमैत्रीपूर्ण–४२ | ठीकै–८ | अमर्यादित–० |

| | | | | |
|---|---|---|---|---|
| ४ | सेवा लिन चाहिने आवश्यक प्रमाण–कागजात र शुल्क– दस्तुरबारे तपाईलाई नगरपालिका कार्यालयका कर्मचारीले स्पष्ट गरेकी गरेनन ? | अति स्पष्ट गरिदिए–४४ | ठीकै–३ | अलमल हुनेगरी सूचना दिए–३ |
| ५ | तपाईले राख्नु भएका समस्यालाई के कस्तो समाधान दिए ? | अति सजिलो गरी समाधान दिए–२४ | ठीकै–७ | समाधान दिन सकेनन–१९ |
| ६ | सेवा प्राप्त गर्न अपनाईएको प्रक्रिया के कस्तो लाग्यो ? | अति सजिलो–२२ | ठीकै–१० | लामोझंझटिलो–१८ |
| | **नतिजा** | **२१८** | **३७** | **४५** |
| | **अघिल्लो पटकको नतिजा (२०७५ असार ८)** | **९९** | **१४८** | **५३** |

**विश्लेषण :** ५० जना सेवाग्राहीलाई ३/३ वटा सूचक रहेका ६ वटा प्रश्न सोध्दा ३०० उत्तर खोजेका थियौं । जसमध्ये २१८ वटा अति राम्रो, ३७ ठीकै र ४५ वटा सूचक नराम्रो भन्ने आएका छन । प्रतिशतको आधारमा हेर्दा नगरपालिका कार्यालयको सेवा अति राम्रो भन्नेमा ७२.६७ प्रतिशत, ठीकै भन्नेमा १२.३३ प्रतिशत रहेको छ भने १५ प्रतिशत सूचकले सेवा दिने प्रक्रिया झन्झटिलो र जनताको माग अनुसार सेवा दिने कार्यालयको क्षमता कमजोर भएको देखाएको छ ।

**७.** तपाईले नगरपालिका कार्यालयबाट समग्रमा कत्तिको सन्तुष्टि पाउनु भयो ?

सन्तुष्ट (२१) ठिकै (१८) असन्तुष्ट (१)

८. तपाईले एउटा कामको लागि कति पटक नगरपालिका कार्यालय धाउनु पर्‍यो ?

**१ पटक (२५)** **२ पटक (३)** **सो भन्दा वढी (२२)** २ जनाले २० पटक, १ जनाले १५ पटक र एक जनाले ११ पटक र एक जनाले १० पटक

**९.** नगरपालिका कार्यालयको भौतिक अवस्था कस्तो छ ?

**अति राम्रो (५)** **ठिकै (४५)** **नराम्रो (०)**

**१०.** नगरपालिका कार्यालयमा नागरिक वडापत्र छ ?

**छ (२८)** **देखेन (९)** **थाह छैन (१३)**

११. तपाईले सेवा लिन जाँदा अतिरिक्त रकम तिर्नुभयो ? (रसिद वाहेक घुस)

**तिरेको छैन (५०)** **थोरै तिरेको छु**

१२. नगरपालिकाको वार्षिक नीति, कार्यक्रम र श्रोतका बारेमा जानकारी पाउनु भएकोछ ?

धेरै जानकारी पाएको छु (०) ठिकै जानकारी पाएको छु (८) जानकारी पाएको छैन (४२)

**१३. जनप्रतिनिधिहरु आएपछि नगरपालिकाको सेवाको स्तर कस्तो पाउनु भएको छ ?**

**धेरै राम्रो (१)** **ठिकै (४३)** **खासै फरक छैन (६)**

**१४. तपाईको नगरपालिकामा यस वर्ष सबै भन्दा राम्रो विकास निर्माणको काम देख्नु भएको छ ?**

- मिलनचौकको बाटो कालोपत्रे तथा घण्टाघर निर्माण
- झुङ्गामा कालोपत्रे भएको, वडा नं ६ मा कालोपत्रे भएको, वडा नं ३ मा कालोपत्रे
- खडक चौकदेखि बसपार्कको ६ लेन बाटो बनिरहेको, आँखा अस्पतालदेखि विजयनगर जाने बाटो कालोपत्रे
- घण्टाघर बन्दै गरेको, बसपार्क विस्तार
- ब्लक नं ११ सूर्योदय टोलपछाडिको बाटो बनेको
- पशुपालनका लागि वडा नं १ मा रकम छुट्टयाएको
- वडा नं ५ को ज्ञानुदयो विद्यालय र शक्तिनगर विद्यालयलाई सहयोग

**१५. तपाईको नगरपालिकामा यस वर्ष राम्रो नभएको/विरोध सुनिएको विकास निर्माणको काम के हो ?**

- ब्लक नं ११ पछाडि ग्राभेल हाल्दा ग्राभेल साँघुरो भएको ।
- चक्रपथको बाटो बनाउने कुरामा विवाद भएको
- मुनुवा रोडको बाटो बिग्रेको, टीकापुर–लम्की रोड बिग्रेको

**१६. अघिल्ला सार्वजनिक सुनुवाईका उठेका सवालहरु कत्तिको पूरा भएको जस्तो लाग्यो ?**

- गाईवस्तु व्यवस्थापन, ढल निकास, फोहोर मैलाको व्यवस्थापनका कुरा हरेक पटक उठने गरेका छन् तर पूरा भएका छैनन ।

<u>नगरपालिका **कार्यालयमा राम्रो लागेको र सुधार गर्नुपर्ने पक्ष**</u>

| **राम्रो लागेको** | ● नगरपालिका **कार्यालयलाई सुझाव/सुधार गर्नुपर्ने पक्ष** |
|---|---|
| ● भौतिक अवस्था राम्रो छ ।<br>● शाखाहरु व्यवस्थित छन् । नगर वरिपरीको भवन बनेको छ<br>● कर्मचारीहरु काममा खटिरहेका देखिन्छन (रातिसम्म) | ● ढल निकास हुनुपर्ने, छाडा गाईगोरु व्यवस्थापन हुनुपर्ने, दैनिक रुपमा घरपालुवा जनावर छोडनेलाई कारवाही हुनुपर्ने<br>● समयमै योजना छनौट, काम सम्पन्न र समयमै भुक्तानी हुनुपर्ने<br>● सेवाग्राहीका साधनहरुको पनि पार्किङ्गको अभाव<br>● सीटी हल नजिक बाल उद्यान पनि हुनुपर्ने, नगरपालिकामा थारु मगर संग्रहालय हुनुपर्ने<br>● लेखा शाखाको काम एकदमै ढिलो भयो, भुक्तानी समयमै दिनुपर्ने । लेखाले पटकपटक बोलाउने समस्याको समाधान हुनुपर्ने ।<br>● टीकापुर–४ मा बनेको शाखा कुलामा पानी भरिएको फोटो भएपछि मात्रै बजेट निकासा दिन्छु भन्ने प्राविधिकको कुरा मिलेन, मुख्य नहरमै पानी छैन शाखा कुला कसरी भर्ने ?<br>● स्थलगत निरीक्षण गरेर मात्रै बजेट विनियोजन हुनुपर्ने<br>● समयमा भुक्तानी नपाउदा, कहिले यता कहिले उता गर्दा कर्मचारीले सताएको महसुस भयो ।<br>● प्राविधिक फिल्ड गएको दिन कार्यालयमा काम नहुने समस्याको विकल्प हुनुपर्ने, पटकपटक आउदा पनि प्राविधिक नभेटिएको<br>● कर्मचारीले झर्को नमानी काम गर्नुपर्ने<br>● अस्पतालदेखि खडक चौकको बाटो बन्नुपर्ने, बिरामीलाई समस्या भो । |

| | |
|---|---|
| | • किसानलाई खेतीको चटारो, कर्मचारीलाई बजेटको चटारो, असारे बजेटले कसरी राम्रो काम हुने ?<br>• कर्मचारीले काम गर्दा आलटाल गर्ने, सेवाग्राहीलाई पंखाको व्यवस्था गर्नुपर्ने, नगरपालिकाभित्रै पानी जमेर हिलो छ<br>• नयाँ नेपाल विद्यालयको पछाडि जगतपुर जाने बाटोमा फोहोर व्यवस्थापन भैरहेको काम अनुपयुक्त छ<br>• कर्मचारी कार्यालय समयमा भेटिनुपर्ने, खाजा खाने समय छोट्टयाउनुपर्ने<br>• सीटीहरु जिर्ण बन्दैछ सदुपयोग गर्नुपर्ने<br>• उपभोक्ता समितिलाई बुझ्ने गरी तालिमको व्यवस्था हुनुपर्ने<br>• बृद्ध भत्ताको कार्ड बनाउने काम वडाबाटै हुनुपर्ने<br>• ज्येष्ठ नागरिकलाई लाइन बस्न नपर्ने व्यवस्था हुनुपर्ने, वर्षको २ पटक धार्मिकस्थलको भ्रमण गराउनु पर्ने<br>• लक्षित समूहलाई प्रष्ट बजेट हुनुपर्‍यो ।<br>• नगरपालिकाले उत्पादन क्षेत्रतिर कम्तिमा २० प्रतिशत लगानी गर्नुपर्‍यो<br>• ब्लक नं १७ कुनै विकास भएन<br>• सीतापुर स्कूलदेखि करुणा स्कूल जाने बाटो कहिले ग्राभेल होला ?<br>• छोरा बुहारीले नहेर्ने, हेला गर्ने ज्येष्ठ नागरिकलाई समस्या छ महिनामा एकदिन भएपनि वडामा बोलाएर कुरा आदानप्रदान गर्नु पर्ने<br>• महिलाहरुको एउटै संगठन बनाई तालिम दिएर महिला लक्षित उद्योग खोल्नुपर्ने<br>• २६ गते गर्भवति महिलालाई दिने भनेको सामग्र छुट्यो भनेर २६ गते आए, मलाई २७ गते बोलाए तर दिएनन<br>• सनकट्टि पुलको कुरा किन सुस्तायो ? भूपू कर्मचारीमा सार्वजनिक भवनको अभाव<br>• सिंहदरबार गाउमा आइसकेपछि भुक्तानी प्रक्रिया पनि वडाबाटै हुनुपर्ने<br>• जटिल रोगीलाई लक्षित गरी बजेट छुट्टयाउनुपर्ने, क्यान्सर पीडित भई सहयोग माग्न आउदा एकले अर्कोलाई देखाउने काम गरे ।<br>• सीटी बसपार्क गौशाला जस्तो भो<br>• नगरपालिकाले सपिङ्ग कम्प्लेक्स बनाउदा जनताका घरहरुलाई असर पर्‍यो । नगरपालिकाले त्यो बजेट अन्य विकासमा लगाउनु पर्ने । |

**टीकापुर नगरपालिकाको सार्वजनिक सुनुवाई सम्बन्धी रिपोर्टिङ्ग**

**२०७६ असार ३० गते**

**सार्वजनिक सुनुवाइ संयोजन गर्ने व्यक्तिको नाम,थर र ठेगाना :** एकिन्द्र तिमिल्सिना टीकापुर १

**सुनुवाइ गरिएका विषयवस्तुहरु :**

क) नगरपालिकाका सेवा प्रवाह

ख) कार्यालयले संचालन गरेका योजनाको अवस्था

ग) कार्यालयका कर्मचारीको कार्यशैली

**कार्यक्रम आयोजना स्थल :–** नगरपालिका कार्यालयको प्राङ्गण

**कार्यक्रम आयोजना गरिएको मिति र समय :** २०७६ साल असार ३० गते दिउसो १:५६ देखि ५:४० सम्म

**कार्यक्रम सञ्चालन गरिएको समयावधि (घण्टा/मिनेटमा) :** ३ घण्टा ४४ मिनेट

| क्र. सं. | प्रश्नकर्ता | प्रश्न, गुनासो, सुझाव ? | जवाफदेही पदाधिकारी | जवाफको छोटकरी व्यहोरा |
|---|---|---|---|---|
| १ | जगत धमाला | • समितिपुरमा गणभन्दा पछाडी खाल्डाखुल्डी, पानी जमेको छ। बाटो मर्मत गर्ने कोही भएन।<br>• वडाले जमरापारीको बस्तिलाई सौतेलो व्यवहार गऱ्यो। | | • |
| २ | चित्र राजी | • जेष्ठ नागरिक, एकल महिला, अपाङ्ग, बालबालिका लगायतका सामाजिक सुरक्षा भत्ता जेष्ठ १५ सम्म वितरण हुनुपर्ने हो। तर असार ३० गते हाहासम्मपनि वितरण भएन। किन ?<br>• योजनाहरु वडाको बजेट अनुसारछनौट हुनुपर्ने अनि वडागत योजनामा बजेट विनियोजन हुनुपर्ने।<br>• बाटो घाटो नपुगेको ठाउमा कहिले ध्यान दिने ?<br>• ज्योतीनगरलाई विगतमा नमुना गाउ बनाउने कुरा कार्यान्वयन भएन। किन ?<br>• योजनाहरुमा प्राविधिकको लापर्वाही भयो।<br>• अति विपन्न परिवारका छोराछोरीलाई निशुल्क शिक्षा भएन। किन ?<br>• नगरपालिकामा जातिय संग्रहालय कहिले बन्ने हो ?<br>• अस्पताल अगाडी बाटो पिच भएन। | लक्ष्मी ओढ (लेखाशाखा)<br><br>नवराज जोशी (पूर्वाधार शाखा) | • सामाजिक सुरक्षा भत्ता गत जेठ २० गतेभित्र नै पठाएका छौं। बैंकले बाड्न नसकेको हो। कसरी हुन्छ आगामी दिनमा सिरियस रुपमा उठाउने प्रतिवद्धता गर्दछु।<br>• कतिबेला प्राविधिकको लापर्वाही भयो। त्यतिबेला नै राखेको भएमा तत्काल समाधानमा लाग्ने थियौ। तैपनि आगामी दिनमा सुधार गर्नेछौं। |

| | | | | |
|---|---|---|---|---|
| | | • मुर्दा जलाउने व्यवस्था भएन । | | |
| ३ | उदयराम अधिकारी | • छाडा गाईगोरुहरुले लगाएको बाली(मक) खाईदिन लागे । समस्या भयो ।<br>• सिटी बसपार्कमा ठेकेदारको बालुवा, गिट्टीहरु थुपारिएको छ । गाईगोरुहरुको अखडा भयो । पूर्वाधार निर्माण भएपनि संचालन हुन सकेन ।<br>• उपभोक्ता गठन हादा थाहा हादैन । किन ?<br>• खोका ठेला बाटोमा फेरी लगाउन थालियो ।<br>• पतञ्जली योगले ५२ हप्ता सरसफाई साञ्चालन भएपनि अहिले बन्द छ । फोहोरको कारण पर्यटकहरु आाउदा समस्या देखिन्छ । | | • |
| ४ | प्रेम बहादुर कठायत | • विगतमा टीकापुरदेखी खक्रौलासम्म संचालन हुने बस सेवा हाल बन्द छ । किन ?<br>• खक्रौला घाटमा ठेक्का लिएको १०० देखी १५० रुपैयासम्म बिना सुचना साइकल र मोटरसाइकलबाट उठाएको पाइन्छ । त्यो नहोस ।<br>• सिटी बसपार्क साचालन नभएमा गौशाला निर्माण गर्नुपर्ने ।<br>• नगरपालिकाले गौशाला बनाएको सुनिन्छ । खर्च विवरण सुनिन्न किन ? | नवराज जोशी (पूर्वाधार शाखा) | • सिटी बसपार्कलाई गुरुयोजनामा समेटेका छौं । |
| ५ | शान्ति काफ्ले | • नगरपालिकाले बालविकास शिक्षकलाई भत्ता दिएकोमा खुशी लागेको छ । त्यसको लागी धन्यबाद छ ।<br>• फोहोरमैला व्यवस्थापन हुन सकेन । बजारबाट प्लाष्टिक लिएर आउने कता फाल्ने ?<br>• जगतपुरमा भएको अस्थाई फोहोरमैला व्यवस्थापनमा जैविक र अजैविक छुट्याई दिर्घकालिन व्यवस्थापनमा लाग्नुपर्ने देखिन्छ । | देवी आचार्य विपद् व्यवस्थापन र सरसफाई शाखा | • |
| ६ | अमरसिंह रावल | • पूर्वाधारमा ९७ प्रतिशत ८८ प्रतिशत पुाजीगतमा खर्चभएको देखिन्छ तर आर्थिकमा ५५ प्रतिशत खर्च भएको देखिन्छ यो स्पष्ट भएन । | नवराज जोशी (पूर्वाधार शाखा)<br>लक्ष्मी ओढ (लेखाशाखा) | • भौतिकमा ८८.६ प्रतिशत प्रगती भनेको पूर्वाधारतर्फ हो ।<br>• आर्थिक विकासमा ५५ प्रतिशत हो । सशर्त अनुदानभन्दा चालु बजेट बढी देखिन्छ ।<br>• असारमा मात्र लेखाशाखामा औसत ५० फाइल आउने गरेको किन ? पहिल्लै देखी फाइलहरु आएमा सबैलाई सजिलो हुन्थ्यो । तैपनि सबैको सहयोग अनुसार |

| | | | | |
|---|---|---|---|---|
| | | | | अगाडी बढीरहेका छौं । |
| ७ | लेखराम अधिकार ी | • पूर्वाधार विकामा भएको बत्ति जडान विद्युतबाट होकी सोलारको बत्ति हो स्पष्ट भएन । र ८० वटा विद्युतबाट स्वीकृती दिएपनि १२० वटा बत्ति जोडिएको छ । कसरी भयो ?<br>• वडा कार्यालयहरुमा जनशक्ति कम भयो, थपिनुपर्ने देखिन्छ ।<br>• सेवाग्राहीहरु वडा कार्यालय २ होकी १ हो झुक्किन लागे ।<br>• अनुदानका बजेट फ्रिज हुने होकी आगामी वर्ष थपिने हो ।<br>• ढल निकासका लागी १६ करोड बजेट आएको सुनियो आगामी वर्ष गर्ने भनियो तर कहाा कती खर्च भयो कि भएन ? मेयरसाव | लक्ष्मी ओढ (लेखा शाखा)<br><br>नवराज जोशी (पूर्वाधार शाखा) | • कागजात नभई भुक्तानी नभएको छैन होला । तैपनि कहिं कतै गल्तिहरु भएपछी क्षमा चाहन्छु र आगामी दिनमा सुधार गर्दै जानेछौ भन्ने प्रतिवद्धता गर्न चाहन्छु ।<br>• विशेष र ससर्त अनुदान रिटर्न गर्न लागेका छौं । बााकी अल्यामार्फत योजनामा खचिने भएका छौं ।<br>• यसै आ.ब.मा सबै भएर गएको, नगरपालिकाको बजेटले मात्रै नपुग्ने भएकोले सहरी विकासबाट हुने भनिएको छ । अन्तिम प्रतिवेदन बन्न बााकी रहेकोले काम भएको छैन । |
| ८ | कालु प्रसाद काफ्ले | • हाम्री छोरी प्यारी छोरी कार्यक्रम ल्याएको छ नगरपालिकाले राम्रो छ ।<br>• बुहारीलाई स्वास्थ्य सेवादिने कुरा राम्रो लाग्यो ।<br>• चौविस घण्टा नै सेवा हुनुपर्ने हो ।<br>• निर्माणधिन बसपार्कको ढल निकास कसरी भैरहेको छ ।<br>• एयरपोर्ट संचालनमा कहिले आउने ?<br>• अख्तियार लागेका प्लटहरु छुट्छन कि नाई ?<br>• औधोगिक क्षेत्रमा उद्योगहरु संचालन गरियोस ।<br>• सडक निर्माणले सडकको दााया बाायाका घरहरुलाई क्षति पुग्ने देखिन्छ । यस्तो नहोस । | नवराज जोशी | • ढल निकासको योजना बन्दैछ । बसपार्कको अस्थायी ढल निकास निर्माण आयोजनाले बनाएको होला । |
| | | • | तपेन्द्रबहादुर रावल | • औदोगिक क्षेत्रका प्लटहरु र विकास समितिबारे श्वेतपत्र जारी गरेर मात्रै काम गर्छु भनेको छु । अख्तियार लागेको प्लटको हकमा किनेर लगेको छुटछन गुपचुपमा लगेकाहरुका बारेमा भन्न सकिन्न । |
| ९ | टोपेन्द्र केशी (प्रसासन प्रमुख) | • सबै ठाउँमा एउटै दरबन्दि रहेको छ । कुनै कुनै वडामा चाप बढी देखिन्छ । त्यस्ता वडामा आवश्यकताका आधारमा बैठक बसी कर्मचारी थप्नेछौं ।<br>• कार्यसम्पादनमा हाम्रो व्यवहारहरुमा कमि कमजोरी भयो कि भनि कर्मचारीहरु सचेत छौ । र पनि कहिंकतै मुस्कान सहितको सेवा दिन नसकेका भएका आगामी दिनमा सुधार्नेछौ । | | |

| | | | | |
|---|---|---|---|---|
| | | • कर्मचारी व्यवस्थापन गर्छौं । तपाईले दिएका सुझावहरुको हामीले झर्को मान्ने कुरै हुदैन ।<br>• तपाईका कामहरुलाई प्रकृया पुरा भएका कामहरु हामीले कहिल्लै रोकेर राखेका छैनौ ।<br>• सेवाग्राहिहरुलाई सन्तुष्ट पार्ने कुरामा हामी कर्मचारीरु सजग नै छौ जस्तो लाग्छ । | | |
| १० | तपेन्द्र रावल (मेयर) | • टीकापुर नगरपालिकामा जननिर्वाचित भएर आईसकेपछी ढलकै कुरा उठाईरहेका छौ । नगरपालिकाको विकास बजेट ३३ करोड हो यसमा १५ करोड अन्य सेवामा लगाउछौं ।<br>• ढलनिकासको कुरा जमरा देखी ज्ञानी कुलालाई आधार बनाई प्लान बनिरहेको छ । ज्ञानी कुला र जमरा पुल भन्दा उता काम अझै हुन सकेको छैन । यसमा ६५ करोड बजेट आवश्यक देखिन्छ । नगरपालिकाको ३३ करोडले नपुग्ने हुनाले सहरी विकाससंग सहकार्य भेरहेको छ ।<br>• कुनैपनि विकास रातारात बन्दैनन् । यसमा धैर्य गर्न सबैलाई आग्रह गर्न चाहन्छु र हाम्रो तर्फबाट भएगरेका कमि कमजोरीहरुमा क्षमा चाहन्छु ।<br>• औधोगिक क्षेत्रका नाममा जग्गा लिई बेंच्नेलाई कारबाही गर्ने कि नगर्ने ? नगर विकास समिती नगरपालिका अन्तर्गत आाउदा श्वेतपत्र जारी गर्ने भनेको छु । अख्तियारले रोक्का गरेको जग्गा यदि नियमअनुसार भएको छ भने पक्कै पाउनुहुन्छ ।<br>• नगरपालिकामा आएका सेवाग्राहीहरुलाई बेखुस हुनेगरी फर्काएका छैनौ । दिउासो २ बजेपछी शाखागत प्रगती विवरण लिनुपर्ने भएकोले २ बजेपछी आउनेहरुसाग भेट्न नसकिएको होला । सकेसम्म खुशी बनाएर पठाएको जस्तो लाग्छ ।<br>• एयरपोर्टको विषयमा केन्द्रसंग छलफल भैरहेको छ ।<br>• यसपाली टीकापुर सर्किट भनेर केन्द्रले एक करोड छुट्याएको छ । पर्यटन विकासमा यसले सहयोग पुग्नेछ ।<br>• कामको प्रगती अनुसार भुक्तानी लिनुस भनेका छौ । तर हामीमा असारे विकासको प्रवृती रहिरहेकोले जब असार लाग्छ अनि हामीहरु कागजहरु बनाउने गर्छौं । यसलाई आगामी वर्षमा व्यवस्थापन गर्ने प्रतिवद्धता गर्छु । यहााहरुले पनि समयमै भुक्तानी लिईदिनुहोला भन्ने आग्रह गर्न चाहन्छु ।<br>• गाई व्यवस्थापनका लागी नगरपालिकामा आउादा १० हजारको बिमा कार्यक्रम साचालन गऱ्यो तर गाईका ट्याग लगाएका कान नै काटेर फेरी छाडिन लागियो । गाईगोरु व्यवस्थापनका लागी जिल्ला तथा प्रदेशमा संयुक्त रुपमा कसरी गर्न् सकिन्छ ? भनेर कुरा राखेको कसैले सुनुवाई गरेन ।<br>• टीकापुरमा गौशाला निर्माण गरेका छौं त्यसमा जम्मा ४०० मात्र गाईहरु आट्ने क्षमता हो । यसमा हेरालु भनेर चार जनाले काम गरिरहेका छन् । ४०० गाईका गोबरबाट बैकल्पित उर्जा निकाल्ने भनेका छौं । तैपनि यो दिगो व्यवस्थापन भने होइन । जेठमा गाई छोड्ने र ब्याउने भएपछि फेरी बााध्ने परिपाटीले पनि यस्तो समस्या भएको हो । | | |
| ११ | कटक थापा | • टीकापुर अस्पताल व्यवस्थित भएन । सामान्य पोलेको पनि कोहलपुर रिफर गरिन्छ किन ?<br>• जब जब बाढी आउने समय आउाछ अनि ढलनिकासको खोजी हुन्छ । ढलनिकासको लागी फागुनमा सुरुवात गर्नुपर्ने ।<br>• टीकापुरमा मच्छड र गाई व्यवस्थापन भएन ।<br>• प्रधानमन्त्रि स्वरोजगार कार्यक्रम बन्द सुनियो । केहो ? | | • |
| १२ | रत्ना सुनार | • असहाय, अपाङ्ग, अशक्तहरुलाई बढी हेरीदिनुहोला ।<br>• सुकुम्बासी बस्तीमा बाटो, विद्यालय, रोजगारी पाएको छैन । किन सुकुम्बासी भनेको जनता होइन र ? | | • |

| | | | | |
|---|---|---|---|---|
| | | • शिविरमा बत्ति गएको छ । कमाउनेले जोडेका छन् । सहारा नभएकाहरु, कमाउने कोही नभएकाहरुलाई नगरपालिकाले सहयोग गरिदिनुहोला । | | |
| १३ | कालु प्रसाद काफ्ले | • घर डुब्दैछन् निर्माणाधिन बसपार्कको ढलनिकास कता जाने हो ? | नवराज जोशी (पूर्वाधार शाखा) | • बसपार्कको अस्थाई व्यवस्था हुन्छ । |
| १४ | झलनाथ खनाल | • बसपार्कदेखी जमरापुलसम्म ६ लेन बाटोमा पर्ने सबै नालाहरु बुजिएको अवस्था छ । बैकल्पिक नालाको व्यवस्थाको के छ अवस्था ? | नवराज जोशी (पूर्वाधार शाखा) | • निर्माण व्यवसायीहरुलाई नगरपालिकाले बोलाई बर्खा पहिल्लै गर्नुपर्ने भनि निर्देशन दिएको छ । |
| १५ | प्रेम कठायत | • पिचहरु बनाउादा एक वर्षमा नै फुट्ने गर्छ र ६० मिटर पिच बाटो बन्छ । यस्तो बाटोहरु नबनाइयोस । दिर्घकालिन बनाइयोस ।<br>• अध्यक्ष सबै टोलमा पुग्नुहोला । | नवराज जोशी (पूर्वाधार शाखा) | • आएका योजनाहरुको डिजाईन गर्ने शाखा भौतिक तथा पूर्वाधार शाखा हो । योजना आएमा अवश्य लाग्नेछौं । |
| १६ | ललिता सुनार | • नाली सफा गर्ने काम भयो तर फोहोर व्यवस्थापन भएन । तुरुन्तै हुनुपर्ने देखिन्छ ।<br>• महिला, बालबालिकाका कार्यक्रम घटेको महसुस भयो । पहल गरिदिनुहोला ।<br>• बजेट ब्यवस्थित रुपमा निकासा भयो ।<br>• जनप्रतिनिधी तथा कर्मचारीहरुले मेहनत गर्नुभएको छ । | नवराज जोशी (पूर्वाधार शाखा) | • सरसफाई शाखालाई तुरुन्त निर्देशन दिनेछु ।<br>• नागरिकहरुले गरेको निगरानी तथा अनुगमन प्रभावकारी नै हुन्छ । मुनुवामा राती पनि काम भैरहेकोले त्यसलाई तुरुन्त हटाउन भनेका थियौं । काम सम्पन्न नभएसम्म भुक्तानी नहुने जानकारी गराउाछु । सबैको साथ र सहयोग जरुरी छ । |
| १७ | होलीराम चौधरी | • कैलासबाधले गर्दा टीकापुर डुब्ने खतरा छ । | | • |
| १८ | जगत धमाला | • गाई छोड्नेलाई कारवाही हुने कि नाई ? कारबाही हुनुपर्ने । अनुगमनले अनुगमन गरोस । | तपेन्द्र रावल (मेयर) | • बिमाको लागी काममा ट्याग लगाउादा कान नै काटेर छोड्न लागे । गाईलाई छाडेको प्रमाणित भएमा कारबाही प्रकृया अगाडी बढ्नेछौ । |
| १९ | केशरी सोडारी | • महिलाका लागी आउने रकम दर्ता भएका संघसंस्थालाई बोलाई छलफल गरी दिनुपर्ने । महिलाका संस्थाहरुको छाता संगठन हुनुपर्ने ।<br>• प्रधानमन्त्रि स्वरोजगार कार्यक्रममा पढेलेखेका महिलाहरुले पनि नाली खनिरहेका छन् । क्षमता अनुसार कार्यक्रम हुनुपर्ने । | | • |
| २० | बल बहादुर | • बाटोसाग जोडेको २ कट्ठा घडेरीको र बाटो | | • |

| | | | | |
|---|---|---|---|---|
| | रावल | नभएको घडेरीको मापदण्ड एउटै भयो । सुधार होस ।<br>● योजना संख्या सुचिकृत गर्दा कतिसम्म योजना माग्ने अलमल भयो ।<br>● अस्पताल अगाडी राखिने लढीयाले गर्दा अस्पताल गेटमा फोहोर भयो । यसको व्यवस्थापन अस्पताल पछाडी गरियोस । | | |
| २१ | नन्दकला भण्डारी | ● श्रीमान बेपत्ता भएको १२ वर्ष भयो । श्रीमानको अत्तोपत्तो भएन । कित श्रीमान मरेको भनिदिनुपर्‍यो ।<br>● छोरालाई पाल्न गाह्रो भयो । | | ● |
| २२ | भुवनेश्वर अधिकारी | ● नगर प्रमुखको समस्या पनि हाम्रै समस्या हो ।<br>● तालिमहरु व्यवसायिक खालका हुनुपर्ने । एउटा बाख्रा दिने तालिमहरु हुनुभएन ।<br>● ६ लेन बाटोले टीकापुरमा सुन्दरता थप्नेछ । अस्पताल वरिपरिका संरचनाले टीकापुरको सुन्दरता बिगारेको छ । यसमा नगरपालिकाले आफै निर्णय गरेर अगाडी बढोस ।<br>● काम भए अनुसार निकासा गर्नुपर्ने हो । नगरपालिकाका प्राविधिकहरुले पनि किन नगर्ने ?<br>● पार्क व्यवस्थित भएन । गेट राम्रो भएपनि पिकनिक स्थलमा बसेर खानसक्ने वातावरण छैन । पिकनिक स्थल यथासिघ्र बनाउनुपर्ने ।<br>● योगद्धारा बिरामीहरु सन्चो भएका उदाहरणहरु छन् । त्यसकारण योगलाई रिसर्च केन्द्रका रुपमा विकास गर्नुपर्ने । प्रसासनिक खर्चसम्मको व्यवस्था नगरपालिकाले गरेमा राम्रो हुने ।<br>● निर्माण व्यवसायिहरुले ओपन स्पेसहरुमा थुपारेका गिट्टी, बालुवा कहाा राख्ने भन्ने विषयमा नगरपालिकाको ध्यान जानुपर्ने ।<br>● सपिङ्ग कम्प्लेक्सको कोठाको भाडा तुरुन्त असुल गर्नुपर्ने । | | ● सबै सुझावहरु मननयोग्य छन । सुधार्ने प्रयास हुनेछ । |
| २३ | शिवलाल तिवारी | ● हरेक टोलटोलमा सरसफाईको लागी कन्टेनर राखिदिनुपर्‍यो ।<br>● जााडरक्सी नियन्त्रणका लागी प्रहरीसंग सहकार्य गरी अघि बढ्नुपर्ने ।<br>● सडक बत्तिको व्यवस्था हुनुपर्‍यो ।<br>● कर्मचारीहरुले नियमित रुपमा काम गर्नुपर्ने ।<br>● ब्लक नं. २४मा जम्मा हुने पानीको निकास हुनुपर्ने । | | ● |
| २४ | लोकेश बिक | ● शंकरपुरमा ६ टोल भएपनि बजेट किन पर्दैन ? यो वर्ष एक करोड परेको सुनियो के हो ?<br>● नालीको फोहोर उठाइएन किन ? | | ● |

| | | | | |
|---|---|---|---|---|
| | | ● झरनले जग्गा काटीरहेकोले यसको व्यवस्था के होला ? | | |
| २५ | अशोक बिक | ● निजी शिक्षकहरुले नगरपालिकामा ज्ञापनपत्र बुझाएको छ । निजी शिक्षक जोगाउन नगरपालिकाले कस्तो भुमिका खेल्छ ? | | ● |
| २६ | हरि तिमिल्सिना | ● सपिङ्ग कम्प्लेक्स भाडा निर्धारण सहित टेन्डर अगाडी बढाउनुपर्ने । महत्वाकांक्षी भएर भाडा लिने काम भएको छ ।<br>● एउटा फर्मबाट २ सटर हालियो, सेवाभन्दा व्यावसायिकता भएको पाइयो । निराकरणको लागी ध्यान दिनुपर्ने ।<br>● नगरपालिकाले अनुगमनमा शिक्षा क्षेत्रमा अनुगमनको लागी कार्यशाला बनाई जानुपर्ने ।<br>● नयाा सपिङ्ग भवन चुहिने भएको छ । यसमा प्राविधिकको दायित्व के हुन्छ ?<br>● कालोपत्रे पिच बर्खाले उप्किएको कुरा आएन ।<br>● जनप्रतिनिधी प्रत्यक्ष देखिनेगरी कोठा हुनुपर्ने । | | ● |
| २७ | भवानी प्रसाद आचार्य | ● कालोपत्रेको अनुगमन कहाा, कसरी हुन्छ ? २ वर्षमा नै उप्किनेगरी हुनुहुादैन । | | ● |
| २८ | प्रेम कठायत | ● औधोगिक क्षेत्रको श्वेतपत्र जारी गर्ने कुरा राम्रो कुरा भएको ।<br>● ट्याक्सी भाडा बढी भयो । | | ● |
| २९ | अमर रावल | ● टाढाबाट हाट बजारमा बेंच्न ल्याएको गाईगोरु छाडा छोड्ने प्रवृती रहेको छ । यसको लागी नाका र सिमाहरुमा कडाई गर्नुपर्छ । | | ● |
| ३० | कालु काफ्ले | ● विद्युत पछाडी जग्गा ओपनस्पेस हो । त्यो जग्गामा रहेको रुखहरु आफैले तारबार गरि संरक्षण गरिरहेको छु । यसमा नगरपालिकाले ध्यान जाओस । | | ● |
| ३१ | केशरी रावल विष्ट ( उपमेयर, अनुगमन समिती संयोजक) | **कालोपत्रे सम्बन्धमा :**<br>● नछुटाएका गिट्टी भएको हटाउन लगाएको ।<br>● इष्टिमेट अनुसार नभएको योजनाहरुमा तिन पटकसम्म थप गर्ने भनेका छौं ।<br>● इष्टिमेट अनुसार काम नभएका योजनामा प्राविधिक मुल्याांकन गरि भुक्तानी गरिएको ।<br>**नाली सम्बन्धमा :**<br>● स्थलगत अध्ययनपछी ईष्टिमेट गर्ने सुझाव दिएको ।<br>● नाली र कल्भर्ट चाहिएको ठाउमा तुरुन्तै कार्यान्वयन गर्न लगाएका छौं ।<br>● कार्यक्रमहरुलाई उपलब्धीमुलक बनाउन पहल गरेको ।<br>● २६६ वटा योजना अनुगमन गरेको बाांकी पनि गर्ने छौं ।<br>● अनुगमन गर्दा बादविवाद हुने, दिएका सुझाव कार्यान्वयन नगरेको पाइएको छ ।<br>● नगरबासी सम्पूर्णले आफ्नो विकासका लागी आफै जिम्मेबार हुन आवश्यक छ । | | |

| | | |
|---|---|---|
| | | • समयमै योजना सम्पन्न गर्न कार्यादेश दिनुपर्ने । |
| ३२ | देवि आचार्य (विपत व्यवस्थापन तथा सरसफाई व्यस्थापन शाखा) | • नियमित कार्यक्रम फोहोर उठाउने कार्यक्रम रहेको कार्यान्वयन गर्नेछौ ।<br>• नाली भनेको मास्टर प्लानमै आउनेछ । तत्काल आवश्यक कुरा गर्ने ।<br>• हामीले गर्दै आएकोलाई मंसिरसम्म प्रयोग गर्ने भनेका छौ । फोहोरमाथी माटो पटानी गरि व्यवस्थित रुपमा व्यवस्थापन गरिरहेका छौं । |
| ३३ | कपुरसिंह कठायत ( टीप्पणी कर्ता) | • विकासका कुरा उठेका छन् ।<br>• ज्योतिनगर नमुना सहर घोषणा भएमा नगरपालिकाले प्रकृया अघि बढाउनुपर्ने ।<br>• बाढीको कुरा उठेन ।<br>• निशुल्क शिक्षामा नगरापालिकाले ध्यान देओस ।<br>• इष्टिमेट अनुसार काम हुनुपर्ने ।<br>• अनुगमन स्थिती हेरेर गरिनुपर्ने ।<br>• कर्मचारीतन्त्र सहज र सरल हुनुपर्ने ।<br>• कमि कमजोरी भएमा नगरपालिकाले सुधार गरेर जान अनुरोध गर्दछु । |
| ३४ | ज्ञानु पौडेल ( टिप्पणी कर्ता) | • जनप्रतिनिधीका कामबाट अहिल्लै बिचलित हुनुपर्ने अवस्था नभएको देखिन्छ ।<br>• जनता सचेत नभएसम्म केहि नहुने, त्यसैले जनता जागरुक हुनुपर्ने देखिन्छ ।<br>• सक्रिय जनशक्तिलाई रोजगारी दिनुपर्ने ।<br>• महिला लक्षित स्वरोजगार कार्यक्रम हुनुपर्ने ।<br>• भवनहरु मजबुत हुनुपर्ने ।<br>• सडकबत्तिको व्यवस्था हुनुपर्ने । |
| ३५ | भिमराम चपाई ( टीप्पणी कर्ता) | • टीकापुरमा व्यवसाय कसरी अगाडी बढाउने भनेर ध्यान दिनुपर्‍यो ।<br>• आचार संहिता अनुसार कार्यक्रम बढी भयो । |
| ३६ | तपेन्द्र रावल (मेयर) | • शिक्षाका विषयमा आगामी दिनमा कसरी सम्वोधन गर्न सकिन्छ भनेर छलफल गर्नेछो ।<br>• सुझावहरु मार्गदर्शक हुन् । पहिलो जनप्रतिनिधी भएकोले कमिकमजोरीहरु हुन सक्छन् ।<br>• कार्यक्रमा भनेको समयभन्दा एक घण्टा पछि आउने चलन हटाउनुपर्ने । सबै कार्यक्रमा जानुपर्दा ५ मिनेट अगाडी नै पुग्छु । |

## टीकापुर नगरपालिकाको सार्वजनिक सुनुवाई कार्यक्रमका तस्विरहरु




*जनप्रतिनिधीहरु*



*शाखागत प्रमुखहरु*



*टीप्पणीकर्ताकिहरुको समुह*




*नगरप्रमुख तपेन्द्र बहादुर रावल*



*उपप्रमुख केशरी विष्ट*




*प्रमुख प्रशासकीय अधिकृत टोपेन्द्रबहादुर केसी*











# शाखागत प्रमुखहरु





**जिज्ञासा तथा सुझाव दिनेहरु**



***सहजकर्ता एकिन्द्र तिमिल्सिना***





**<u>सार्वजनिक सुनुवाईका सहभागीहरु</u>**

मो.नं. ९८१२६४४८१२,
९८१५६८१३८७
ठेगाना : टीकापुर चिल्ड्रेन
पार्कको ठीक अगाडि, कैलाली

Samadhan News National Daily राष्ट्रिय दैनिक

जि.प्र.का. कैलाली दर्ता.नं.: १२८/२०६७/२०६८, कैलाली जि.हु.का. दत

वर्ष ८, अंक ३३९, मंगलबार, असार ३१, २०७६ (Tuesday, J

# सार्वजनिक सुनुवाईमा गुनासाका चाङ

## गुनासा र सुझावलाई अमृतसरह लिने छौं: नगर प्रमुख

समाधान समाचारदाता
टीकापुर ३० असार

टीकापुर नगरपालिकाको चालु आर्थिक वर्ष २०७५/०७६ को सार्वजनिक सुनुवाई कार्यक्रम सोमबार सम्पन्न भएको छ ।

नगरपालिकाले चालु आर्थिक वर्षमा गरेका कार्य सम्पादन, सेवा प्रवाह, विकास निर्माण लगायतका पक्षहरुमा जनताहरुका सुझाव, सल्लाह र गुनासोसहितको सार्वजनिक सुनुवाई सम्पन्न भएको हो। सार्वजनिक सुनुवाई कार्यक्रममा नेपाली काँग्रेसका सभापति भुवनेश्वर अधिकारीले नगर तथा वडास्तरबाट सञ्चालन हुने तालिमप्रति असन्तुष्टि रहेको भन्दै गाई, भैंसी, बाखा नभएकाहरुलाई नै तालिममा सहभागी गराउनुले त्यसको प्रतिफल शून्य भइरहेको बताएका छन्। उनले टीकापुर अस्पतालको जग्गामा बनेका टहरा हटाउनु पर्ने भन्दै प्राविधिकहरुले बजेट विनियोजनका आधारमा योजनाको इस्टिमेट गर्नुले भ्रष्टाचार मौलाएको बताएका छन् ।

होलीराम चौधरीले कैलाशेश्वर सामुदायिक वनबाटै बाढी नियन्त्रणका लागि पहल गर्न सकेमात्र टीकापुर डुबानको खतराबाट बच्न सक्ने भन्दै कसैलाई काखा र कसैलाई पाखाको व्यवहार जनप्रतिनिधि तथा कर्मचारी-हरुले गर्न नहुनेमा जोड दिएका छन्। रत्ना सुनारले आस गर्दागर्दै




सुकुम्बासीहरु थाकिसकेको भन्दै सुकुम्बासी क्षेत्रलाई विकास गर्नमा कसैको ध्यान नपुगेको बताएकी छिन्। ब्लक नं. ११ का कालुप्रसाद काफ्लेंले टीकापुर विमानस्थल सञ्चालन र औद्योगिक क्षेत्रका लागि लिएका जग्गाको खोजी गर्नुपर्ने बताएका छन्।

शिक्षक शान्ति काफ्लेले फोहोर व्यवस्थापन अझै हुन नसकेको भन्दै फोहोरलाई जैविक र अजैविक रुपमा छुट्याई व्यवस्थापन गर्नुपर्ने बताएकी छिन् । ब्लक नं. ३३ का प्रेमबहादुर कठायतले सिटी बसपार्क निर्माण भएको दुई वर्षसम्म ठेकेदार-हरुको निर्माण सामाग्री थुपार्ने थलो र छाडा पशु चौपायाको बास स्थान भएको भन्दै बर्सेनि सडक कालोपत्रे हुने, बर्सेनि खाल्डा पर्ने कारण खोजेका थिए। उनले सत्ती भन्सारपारि ठेकेदारले पट्के दर १ सयदेखि ५ सयसम्म असुल गर्ने गरेको तर दर रेट कायम भएको कतै नदेखिएको बताएका छन्।

समितिपुरका जगन्नाथ धमालाले वडा नं. १ को जमरापारि विकासको सिन्को पनि नभाँचिएको भन्दै वडाको कार्यक्षेत्र जमरावारि मात्रै हो कि पारि पनि हो ? भन्दै प्रश्न गरेका थिए । समाजसेवी उदयराम अधिकारीले छाडा पशु चौपायाको गुनासो दिनानुदिन बढ्दै गएको भन्दै छाडा पशु चौपाया व्यवस्थापनका लागि नगरपालिकाले नीति नै बनाउनु पर्ने बताएका छन् ।

टीकापुर नगरपालिकाका नगर प्रमुख तपेन्द्रबहादुर रावलले उठेका गुनासा तथा सुझावलाई सम्बोधन गर्दै जनताका गुनासा र सुझावलाई अमृतसरह लिने बताएका छन् । 'हामी जनताका माग र आवश्यकता-लाई नै मध्यनजर गरी काम गरिरहेका छौं ।' नग प्रमुख रावलले भने, 'कुनै विकासको गति रातारात सम्पन्न हुँदैन । विकास क्रमिक रुपमा हुने प्रक्रिया हो। हामी जनताका सुझाव र गुनासालाई अमृतसरह लिई काम गर्नेछौं ।'

उनले गणतन्त्र कार्यान्वयनमा पूर्ण अनुभव नभएका कारण काम गर्न समस्या भएको बताउँदै दुई वर्षदेखि टीकापुरको ढल निकासको काममा नगरपालिका लागिपरेको बताएका छन् ।

सार्वजनिक सुनुवाई कार्यक्रममा सबैभन्दा बढी उठेको ढल निकासको गुनासोलाई सम्बोधन गर्दै रावलले नगरपालिकाको विकास बजेट ३३ करोडमात्र हुने भन्दै ढल निकासका लागि ६५ करोड बजेट नगरपालिकाले खर्च गर्न सक्ने अवस्था नरहेका कारण पनि ढल निकासको समस्या रहँदै आएको बताएका छन्। उनले ढल निकासका लागि डीपीआर तयार भई काम सुरु भइसकेको बताएका छन् ।

टीकापुर नगर विकास समिति-मार्फत् औद्योगिक क्षेत्रको लागि लिएका जग्गाको खोजी हुने भन्दै समितिको जग्गाको श्वेतपत्र जारी गर्ने नगर प्रमुख रावलले बताएका छन् । उनले टीकापुर विमानस्थल सञ्चालनका लागि केन्द्रीय सरकार-सँग समन्वय भइरहेको बताउँदै पर्यटन क्षेत्रको लागि टीकापुर सर्किटमा केन्द्र सरकारबाट ८० लाख बजेट विनियोजन भएको बताएका छन् ।

सामुदायिक (बाँकी ३ पेजमा)

TechNova NovaDom UMR 1809919110 20J19 C3 B

सुदूरपश्चिमको सच्चा पहरेदार नेपाली दैनिक

टीकापु

Tikapur Daily

वर्ष १६ अंक २२८ असार ३१ मंगलबार २०७६ | 2019 July.

# टीकापुर नगरपालिकाको सार्वजनिक सुनुवाई सम्पन्न

❖टीकापुर समाचारदाता

टीकापुर ३० असार/टीकापुर नगरपालिकाको आर्थिक वर्ष २०७५/०७६ को सार्वजनिक सुनुवाई सम्पन्न भएको छ।

सार्वजनिक सुनुवाई कार्यक्रममा नगरवासीले नगरको आर्थिक प्रशासन तथा योजनाको बारेमा नगरपालिकाले सुधार गर्नु पक्ष तथा तत्काल गर्नु पर्ने कार्यको बारेमा सुझाव दिएका छन।

नेपाली काग्रेसका क्षेत्रीय सभापति भुवनेश्वर अधिकारील कुनै पनि तालिम व्यवसायिकताको लागि हुनेपर्ने भएपनि कतिपयले आफन्तलाई राखेर गरेका तालिमले उपलब्धी नहुने बताउनुभयो। उहाले टीकापुरको सुन्दरतालाई ध्यान दिंदै टीकापुर पार्कमा पिक्निक स्पट लगायतका पूर्वाधार थप्नु पर्ने सुझाव दिनुभयो।

अगुवा महिला केशरी सोडारीले महिला नाममा भएका समूह र अनेकथरी तालिम गर्नु भन्दा छाता संस्था बनाएर महिला लक्षित उद्योग खोल्नु पर्ने सुझाव दिनुभयो।

नयाँ शक्ति पार्टीका नेता हरि तिमिल्सिनाले कार्यविधि बनाएर अनुगमनलाई प्रभावकारी बनाउनु पर्ने र गुणस्तरहिन काम गर्ने जो कोहीलाई कारवाहीको दायरामा ल्याउनु पर्ने बताउनु भयो।

कालुप्रसाद काफ्लेले टीकापुर मा ढल निकास, विमानस्थल, अख्तियारले रोक्का गरेको विकास समितिको जग्गा,औद्योगिक क्षेत्रमा उद्योग संचालन गर्नमा पहल गरिदिन आग्रह गर्नुभयो।

पत्रकार झलनाथ खनालले जमरादेखि बसपार्कसम्मको ६ लेनको सडकमा अहिले नाला भत्किसकेकाले विकल्पको रुपमा नाला व्यवस्थापन गर्न आग्रह गर्नु भयो।

राजी शाल्म समाजका अध्यक्ष चित्रबहादुर राजीले लोपोन्मुख तथा सिमान्तकृत जातिको बालबालिका लाई निशुल्क शिक्षा तथा नगरको नमुना बस्ती ज्योतीनगरमा ध्यान दिन र जेष्ठ नागरिकको समाजिक सुरक्षा भत्ता समयमा बैङ्क प्रणाली बाट सहजरुपमा वितरणमा नगरले पहल गर्नुभयो।

होटल व्यवसायी प्रेम बहादुर कठायतले नगरको सीटी बसपार्क को संचालन र व्यवस्थापनमा ध्यान दिन आग्रह गर्दै टीकापुर देखि खक्रौला सम्ममा सहुलियत दरमा बस यातायात नगरले ध्यान दिन आग्रह गर्नु भयो।

शिक्षिका शान्ति काफ्ले नगरमा उत्पन्न हुने फोहोरमैलाको व्यवस्थापनको लागि बर्गीकरण गरि दिर्घकालिन व्यवस्थापन गर्न आग्रह गर्नु भयो।

लेखराज अधिकारीले नगरको सडकबत्तिको जडान र व्यवस्थापनको जिम्मेवारी हुने निकायले कसरी व्यवस्थापन गर्छ भन्ने जिज्ञासा राख्नु भएको थियो।

टीकापुर बजारमा छाडा पशुको समस्या विकराल भन्दै गएकोले नगरपालिको व्यवस्थापन गर्नु पर्ने नगरवासीले आग्रह गरेका छन्। पशु हाट बजारमा बेच्ने नाममा छाडा पशु नगरमा भित्रिने भएकोले नियन्त्रणको लागि नगरको सिमानामा सर्तकता दिन अमरसिह रावलले बताउनु भयो।

सार्वजनिक सुनुवाई कार्यक्रममा कपुरसिह कडायत, ज्ञानु पौडेल, र

प्रहरी हिरास

थुनुवा प

र स्वच्छ राखौं,
रोगब्याधिबाट
बचौं ।

नेपाल सरकार
सञ्चार तथा सूचना प्रविधि मन्त्रालय
सूचना तथा प्रशारण विभाग

कैलाली ह

नेपाली राष्ट्रिय दै

www.khaptadkhabar.c

बर्ष १३ अंक ३४५ असार ३१ मंगलबार २०७

# टीकापुर नपाको सार्वजनिक सुनुवाई सम्पन्न

हटलाइन समाचारदाता

टीकापुर ३० असार

टीकापुर नगरपालिकाको आर्थिक वर्ष २०७५/०७६ को सार्वजनिक सुनुवाई सम्पन्न भएको छ ।



सार्वजनिक सुनुवाई कार्यक्रममा नगरवासीले नगरको आर्थिक प्रशासन तथा योजनाको बारेमा नगरपालिकाले सुधार गर्नु पर्ने तथा तत्काल गर्नु पर्ने कार्यको बारेमा सुझाव दिएका छन ।

नेपाली काग्रेसका क्षेत्रीय सभापति भुवनेश्वर अधिकारीले कैनै पनि तालिम व्यवसायिकताको लागि हुनेगर्नै भएपनि कतिपयले आफुलाई राखेर गरेका तालिमले उपलब्धी नहुने बताए । उनले टीकापुरको सुन्दरतालाई ध्यान दिदै टीकापुर पार्कमा पिक्निक स्पट लगायतका पूर्वाधार थप गर्नु सुझाव दिए । अगुवा महिला केशरी सोडारीले महिलाको नाममा भएका समूह र अनेक थरी तालिम गर्नु भन्दा छाता संस्था बनाएर महिला लक्षित उद्योग खोल्नु पर्ने सुझाव दिए ।

नयाँ शक्ति पार्टीका नेता हरि तिमिल्सिनाले कार्यविधि बनाएर अनुगमनलाई प्रभावकारी बनाउनु पर्ने र गुणस्तरहिन काम गर्ने जो कोहीलाई कारवाहीको दायरामा ल्याउनु पर्ने बताए ।

कालुप्रसाद काफ्लेले टीकापुरमा ढल निकास, विमानस्थल, अख्तियारले रोक्का गरेको विकास समितिको जग्गा, औद्योगिक क्षेत्रमा उद्योग संचालन गर्नमा पहल गरिदिन आग्रह गरे ।

पत्रकार झलनाथ खनालले जमरादेखि बसपार्कसम्मको ६ लेनको सडकमा अहिले नाला भत्किसकेकाले विकल्पको रुपमा नाला व्यवस्थापन गर्न आग्रह गरे ।

राजी शाल्म समाजका अध्यक्ष चित्रबहादुर राजीले लोपोन्मुख तथा सिमान्तकृत जातिको बालबालिकालाई निशुल्क

बाँकी 3 पेजमा)

## आर्थिक वर्षको एक दिन बाँकी : कैलालीमा ५७ प्रतिशत मात्रै विकास बजेट खर्च

हटलाइन समाचारदाता

भएको हो ।

**सार्वजनिक सुनुवाइ कार्यक्रम**

**टीकापुर–नगरपालिका**

| के ? | प्रष्टिकरण | को ? |
|---|---|---|
| **सार्वजनिक सुनुवाइ किन ?** | स्थानीय सरकार र नागरिकहरुका बीचमा दोहोरो सम्वाद स्थापित गर्न र त्यस्तो सम्वादबाट जनतालाई स्थानीय विकासको प्रक्रियामा रचनात्मक प्रतिनिधित्व गराई पारदर्शिताको माध्यमद्वारा स्थानीय विकास निर्माण कार्य र सेवाप्रवाहलाई गुणस्तरीय र प्रभावकारी बनाई जिम्मेवार संस्कार बसाउन । | **एकिन्द्र तिमिल्सिना** |
| **सार्वजनिक सुनुवाइको छोटो उद्देश्य** | सुशासन (व्यवस्थापन र सञ्चालन) ऐन २०६४, सूचनाको हक सम्वन्धी ऐन २०६४ र स्थानीय तह संचालन दिग्दर्शन २०७४ मा भएको व्यवस्था अनुसार सार्वजनिक निकायवाट संचालित विकास कार्यक्रम उपलब्ध सेवा, वस्तु र सुविधा सार्वजनिक गरी त्यस्ता विषयका सम्वन्धमा सार्वजनिक थलोमा सेवाग्राही नागरिकले उठाएका प्रश्नहरुमा स्पष्टता ल्याउने र नागरिकवाट प्राप्त रचनात्मक सुझावलाई ग्रहण गर्न तथा जिम्मेवार संस्कार बसाउन | **सञ्चालक** |
| **सार्वजनिक सुनुवाईका विषयवस्तुहरु** | • टीकापुर नगरपालिका कार्यालयको  नीति, कार्यक्रम, बजेट तथा प्रगति,<br>• जनगुनासो तथा सुझावको व्यवस्थापन<br>• गत वर्षको सार्वजनिक सुनुवाईमा उठेका सवाल र पेश्की, बेरुजु समेत | **सञ्चालक** |
| **अध्यक्षता/ कार्यक्रमबारे** | तपेन्द्रबहादुर रावल | **नगरप्रमुख** |
| **परिचय** | उपप्रमुख : केशरी रावल विष्ट<br>प्रमुख प्रशासकीय अधिकृत : टोपेन्द्रबहादुर केसी<br>शिक्षा अधिकृत : नरेश अवस्थी<br>पशु विकास शाखा : श्यामराज पाण्डेय<br>आर्थिक प्रशासन शाखा : लक्ष्मी ओड<br>प्रशासन योजना तथा अनुगमन शाखा : रञ्जु आचार्य<br>पूर्वाधार विकास तथा वातावरण शाखा : नवराज जोशी<br>घरनक्शा शाखा : नविन ओझा<br>कृषि विकास शाखा : टोपबहादुर विष्ट<br>कानून शाखा : केशरबहादुर थापा<br>जनस्वास्थ्य प्रवर्द्धन उपशाखा : कमलबहादुर रावल | |

| | | |
|---|---|---|
| | राजनीतिक दलका प्रतिनिधि : (नेकपा)<br>: (नेपाली काग्रेस): भुवनेश्वर अधिकारी<br>• टिप्पणीकर्ता : भीमराम चपाई<br>: कपुरसिंह कडायत<br>: ज्ञानु पौडेल | |
| | • सामाजिक संघसंस्थाहरु, पत्रकारहरु, कार्यक्रमका सहभागीहरु, सामुदायिक रेडियोको टीम | |
| **आचार संहिता** | • | |
| **बहिर्गमन अभिमत सम्बन्धी प्रतिवेदन** | | **सञ्चालक** |
| **शाखाको प्रगति विवरण** | कृषि विकास शाखा : टोपबहादुर विष्ट<br>पशु विकास शाखा : श्यामराज पाण्डेय<br>कानून शाखा : केशरबहादुर थापा<br>जनस्वास्थ्य प्रवर्द्धन उपशाखा : कमलबहादुर रावल<br>प्रशासन योजना तथा अनुगमन शाखा : रञ्जु आचार्य<br>पूर्वाधार विकास तथा वातावरण शाखा : नवराज जोशी<br>आर्थिक प्रशासन शाखा : लक्ष्मी ओड | **शाखा प्रमुखहरु** |
| प्रश्नोत्तर | लिखित र मौखिक) | **सबै** |
| **अन्तमा** | • उठेका सवाललाईस्पष्ट पार्ने,<br>स्पष्टता पछि थप जिज्ञासाको आह्वान गर्ने, | **नगरप्रमुख** |
| | • नगर उपप्रमुख केशरी रावल विष्ट | |
| **धन्यवाद ज्ञापन** | तपेन्द्रबहादुर रावल | **नगरप्रमुख** |